नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(प्रदेश तथा स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८३/०८४

चलानी नं. ५१

मितिः २०८३/०४/२१

विषयः खाद्य प्रणाली रुपान्तरणका क्षेत्रमा भएका प्रयास/उपलब्धीको विवरण सम्वन्धमा ।

श्री गाउँपालिका (सबै),
श्री नगरपालिका (सबै) ।

राष्ट्रिय योजना आयोगको प.सं. २०८३/०८४, च.नं. १६, मिति २०८३/०४/१९ गतेको विवरण सङ्कलनको लागि स्थानीय तहहरुमा समन्वय एवं पत्राचार गरिदिने सम्बन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको बेहोरा आदेशानुसार अनुरोध छ ।

पुनश्चः संलग्न ढाँचा अनुसारको विवरण राष्ट्रिय योजना आयोगमा प्रेषित गर्नु हुन ।

४/२१

(दीपेश कट्टेल)

शाखा अधिकृत

बोधार्थः

श्री राष्ट्रिय योजना आयोग, सिंहदरबार ।

श्री सूचना प्रविधि शाखाः सबै स्थानीय तहमा ईमेलमार्फत पत्र प्रेषित गरी मन्त्रालयको वेबसाईटमा समेत अपलोड गरिदिनु हुन ।

सिंहदरबार, काठमाण्डौं फोन नं.-४२००५११/४२००३०४
ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np
वेवसाईटः- www.mofaga.gov.np

नेपाल सरकार

राष्ट्रिय योजना आयोग

पत्र संख्या: ०८३/८४ भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाडौं

चलानी नं.: ९६ दर्ता नं.: ४९६

मिति: ४/२१ मिति: २०८३।०४।१९

श्री भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय।

विषय: विवरण सङ्कलनको लागि स्थानीय तहहरुमा समन्वय एवं पत्राचार सम्बन्धमा।

उपरोक्त सम्बन्धमा नेपाल सरकारवाट सन् २०३० सम्मको दिगो विकास लक्ष्य र सोका सूचकहरु तयार भै कार्यान्वयनमा रहेको व्यहोरा विदितै छ। दिगो विकास लक्ष्य कार्यान्वयन गर्नु तीनै तहका सरकार र शासकीय साझेदार सवैको साझा जिम्मेवारीको विषय हो । यसै सन्दर्भमा नेपाल सरकारवाट खाद्य प्रणालीलाई समतामूलक, उत्थानशील र दिगो बनाउने सोचसहित खाद्य प्रणाली रुपान्तरण रणनीतिक योजना (२०८१/८२-२०८६/८७) कार्यान्वयनमा रहेको व्यहोरा अनुरोध छ। सो रणनीतिक योजनामा खाद्य वस्तुको उत्पादन देखि उपभोगसम्म, पोषण स्वच्छता, कृषि पूर्वाधार निर्माण, कृषि वस्तुको बजारमूल्य श्रृङ्खला देखि जलवायुमैत्री कृषि प्रणालीसम्मका बहुआयामिक विषय समावेश छन्। यस रणनीतिक योजनालाई दिगो विकास लक्ष्य (SDGs) को प्राप्तिमा गति दिने दस्तावेज (Accelerator) को रुपमा समेत लिइएको छ।

रणनीतिक योजनामा भएको व्यवस्था बमोजिमको राष्ट्रिय निर्देशक समितिको मिति २०८३ असार २२ गते सम्पन्न भएको बैठकमा सबै मन्त्रालय/तह/निकायले आगामी आर्थिक वर्षका नीति, कार्यक्रम र क्रियाकलाप कार्यान्वयन गर्दा यो रणनीति समेतलाई मध्यनजर गरी कार्यान्वयन गर्ने, खाद्य प्रणाली रुपान्तरणको रणनीतिक योजनाको कार्यान्वयनमा भएका प्रयास र उपलब्धि सबै मन्त्रालय/तह/निकायले नियमित रुपमा निर्देशक समितिको सचिवालयमा (राष्ट्रिय योजना आयोगमा) पठाउने, सबै मन्त्रालय/निकायले खाद्य प्रणाली रुपान्तरणको रणनीतिक योजनाको स्थानीयकरणको लागि पहल गर्ने लगायतका निर्णय भएको व्यहोरा अनुरोध छ।

रणनीतिक दस्तावेजमा खाद्य प्रणाली रुपान्तरणका लागि सोच, लक्ष्य, उद्देश्य र कार्यनीति समेत एकिन गरी सवै निकायको भूमिका समेत एकिन गरेको छ। स्थानीय तहहरुमा सो क्षेत्रमा धेरै प्रयास र उपलब्धि भएका पनि छन्। खाद्य प्रणाली रुपान्तरणको क्षेत्रमा भएका प्रयास र उपलब्धी समेतको एकिकृत विवरण नियमित रुपमा UN food system coordination hub मा पठाउनु पर्ने भएकोले तहाँ मन्त्रालय मार्फत स्थानीय तहहरुमा माथि उल्लेखित सबै क्षेत्रमा भएका उपलब्धीहरु संलग्न बमोजिमको ढाँचामा राष्ट्रिय योजना आयोगको सचिवालयमा पठाउने व्यवस्थाका लागि सवै स्थानीय तहहरुमा समन्वय एवं पत्राचार गरिदिनुहुन निर्णयानुसार अनुरोध छ।

खाद्य प्रणाली रुपान्तरण रणनीतिक योजना राष्ट्रिय योजना आयोगको वेबसाइट (www.npc.gov.np) मा उपलब्ध छ।

2023/08/19

(रजनी ठाकुर)
शाखा अधिकृत

राष्ट्रिय योजना आयोग

खाद्य प्रणाली रुपान्तरणका क्षेत्रमा विभिन्न निकायबाट भएका प्रयास/उपलब्धी विवरण

१. विभिन्न निकायबाट विगतमा भएका प्रयासहरु

(आ.व.२०८२/८३ मा र सोभन्दा अगाडी भएका उपलब्धीहरु)

मुख्य क्रियाकलापहरु (मुख्य क्रियाकलापमात्र बुदागत रुपमा उल्लेख गर्ने)	कार्यान्वयन भएको स्थान (जिल्ला, स्थानीय तह र वडा, टोल बस्ती उल्लेख गर्ने)	खर्च भएको रकम रु (हजारमा)	मुख्य उपलब्धी (परिणाम खुल्ने भए स्पष्ट खुलाउने)	कार्यक्रम कार्यान्वयनबाट भएको सिकाई	कार्यक्रम अझ प्रभावकारी बनाउन अन्य निकायबाट गरिएको अपेक्षा

२. आ.व.२०८३/८४ मा तहाँ निकायबाट तय भएका/हुने क्रियाकलापहरुको विवरण

मुख्य क्रियाकलापहरु (मुख्य क्रियाकलापमात्र बुदागत रुपमा उल्लेख गर्ने साथै रणनीतिक योजनाको ६ वटा कार्यक्षेत्रमध्ये कुन कार्यक्षेत्र अन्तरगतको क्रियाकलाप हो खुलाउने)	कार्यान्वयन भएको स्थान (जिल्ला, पालिका र वडा, टोल बस्ती उल्लेख गर्ने)	विनियोजन रकम रु (हजारमा)	अपेक्षित मुख्य उपलब्धी (परिणाम खुल्ने भए स्पष्ट खुलाउने)	कार्यक्रमको अवधि (आयोजना भए कहिलेसम्म सञ्चालन हुने हो सो उल्लेख गर्ने आयोजनाविस्तारको योजना/संभावना भए सो समेत उल्लेख गर्ने)	कार्यक्रम अझ प्रभावकारी बनाउन विभिन्न निकायबाट गरिएको अपेक्षा

३. बुदाँ नं १ र २ मा समावेश नभएका तर कार्यान्वयन भएका/हुने अन्य क्रियाकलाप र उपलब्धी भए उल्लेख गर्ने ।

४. खाद्य प्रणाली रुपान्तरणको रणनीतिक योजना (२०८१/८२-२०८६/८७) राष्ट्रिय योजना आयोगको वेवसाईट www.npc.gov.np मा उपलब्ध छ।

नेपाल सरकार राष्ट्रिय योजना आयोग सिंहदरबार, काठमाडौं